# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७७

## साखुवानान्कारकट्टी गाउँपालिका
## सिरहा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या : २०७६।७७ मिति: २०७७।३।२६
च.नं. २६८

श्री प्रमुखज्यू,
साखुवानान्कारकट्टी गाउँपालिका,
सिरहा ।


विषय: लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(विन्दु विष्ट)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी  विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरी[illegible] कार्यालय
Office of the [illegible]r General
प्रदेश नं.१ र प्रदेश नं.२ प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६।७७ मितिः २०७७।३।२१
च.नं१६३

श्री प्रमुखज्यू,
साखुवानान्कारकट्टी गाउँपालिका,
सिरहा ।

विषयः लेखापरीक्षण प्रतिवेदन

**कैफियत सहितको राय**

हामीले साखुवानान्कारकट्टी गाउँपालिका, सिरहाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु. ९० लाख ३३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. २ लाख ९३ हजार, नियमित गर्नुपर्ने रु. ५६ लाख १ हजार र प्रमाण कागजात पेश गर्नुपर्ने रु. ३१ लाख ३९ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६/९/१८ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजू फछ्र्यौट नभई कायम भएका ब्यहोराको अन्तिम प्रतिवेदन पाना बिस (२०) यसै साथ संलग्न छ ।

४.आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी,गाउपालिका प्रमुख र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(बिन्दु बिष्ट)
नायब महालेखापरीक्षक

# सखुवानान्कारकट्टी गाउपालिका

## लेखापरीक्षण प्रतिवेदन

## २०७५।७६

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १. | **परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न यस गाउँपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । २ नं. प्रदेशमा अवस्थित यो गाँउपालिका अर्न्तगत ५ वडा, २९ सभा सदस्य, ३२.८ व.की.मी. क्षेत्रफल र १८५७४ जनसंख्या, रहेको छ । | |
| २. | **सेवा प्रवाह :-** कुल २९ दरवन्दी रहेको यस कार्यालयले करारको समेत २३ जना कर्मचारीबाट १८५७४ जनसंख्यालाई सेवा प्रवाह गरेको छ । २०७५।०३।१७ मा पारित विनियोजन ऐन अनुसार रु. २७,४६,६५,४९६.०० को बजेट खर्च गर्ने अख्तियारी २०७५।०५।०५ मा कार्यकारी अधिकृतलाई प्राप्त भएकोमा ९५.१० प्रतिशत अर्थात रु. २६१२२४७६४.१० खर्च गरेको छ । रु. २० लाख ९ हजार आन्तरिक राजस्व आम्दानी गरेको यस कार्यालयले नागरीकता सिफारिस ४३५, घरबाटो सिफारिस ६५१, नाता प्रमाणीत १९०, जन्म दर्ता ७७९, मृत्यू दर्ता १२३ र अन्य दर्ता १३३४ को गरेको छ । | |
| ३. | **असुलः** लेखा परिक्षणको क्रममाः घटी दाखिला भएको आन्तरिक आम्दानी रु ३४५००।०० असुल भई वैक दाखिला गरेको भौचर पेश भएको छ । | |
| ४. | **स्थानीय संचित कोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकारको आयव्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ : | |

| सि. नं. | आयतर्फ | | सि. नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | २९२५८१२७।०१ | १ | **चालु खर्च** | १४९५६११७८.९८ |
| | क) नगद | ० | २ | **पूँजीगत खर्च** | १११६६३५८५.१२ |
| | ख) बैंक | २९२५८१२७।०१ | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | ० |
| २ | **राजस्व (आन्तरिक आय)** | | | क) ऋण भुक्तानी | ० |
| | क) आन्तरिक राजस्व | २००९२६३।९३ | | ख) ब्याज भुक्तानी | ० |
| | ख) राजस्व बाँडफाँड | ३६९९८५८०।५९ | | ग) अन्य भुक्तानी | ० |
| | ग) अन्य आयप्रदेशराजस्व बाँडफाँड | १२९२०००।०० | ४ | **लगानी** | ० |
| ३ | **वित्तीय हस्तान्तरण** | | | ऋण लगानी | ० |
| | क)वित्तीय समानीकरण अनुदान | ७०६०००००।०० | | शेयर लगानी | ० |
| | ख) सशर्त अनुदान | ९१२६२०००।०० | | अन्य लगानी | ० |
| | ग)प्रदेश तथा स्थानिय तह क्षमता विकास कार्यक्रम | ३०४८७५।०० | ५ | **धरौटी फिर्ता** | १३८५९८७००. |
| | घ) सामाजिक सुरक्षा | ३०२५९०००।०० | ६ | **कोष खर्च** | ० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ७ | **मौज्दात** | ३३९३५६७.८२ |
| | क)वित्तीय समानीकरण अनुदान | २४६५०००।०० | | क) नगद मौज्दात | ० |
| | ख) सशर्त अनुदान | ५००००००।०० | | ख) बैंक मौज्दात | ३३९३५६७.८२ |
| | ग) समपूरक अनुदान | ० | | ग) धरौटी मौज्दात | १५८६८८५.५३ |
| | घ) विशेष अनुदान | ० | | ख) कल्यानकोष मौज्दात | १००००००.०० |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | ० | 8 | सा.सु. फिर्ता | १२२०८००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | ० | 9 | **संघ शसर्त फिर्ता** | ९७३३३५९.०८ |
| | क) ऋण प्राप्ति | ० | 10 | प्रदेश शसर्त फिर्ता | २९२९८६.०० |
| | ख) साँवा प्राप्ति | ० | 11 | **धरौटी खातामा फिर्ता** | ५०३२५८.०० |
| | ग) ब्याज प्राप्ति | ० | | | |
| | घ) अन्य प्राप्तिधरौटी खाताबाट प्राप्त | १३६६०८०।०० | | | |
| | ङ) अन्य प्राप्तिखर्च खाताबाट प्राप्त | ४६०००००।०० | | | |
| ६ | **विभिन्न कोषतर्फको आय** | १००००००।०० | | | |
| ८ | **जनसहभागिता (नगद)** | ० | | | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | ० | | | |
| १० | **धरौटी आय** | २९७२८७२।०० | | | |
| ११ | **लगानीको साँवा फिर्ता** | ० | | | |
| १२ | **अन्य विविध आय** | ९५३८०९।०० | | | |
| | **जम्मा** | २८०३४१६०७।५३ | | **जम्मा** | २८०३४१६०७।५३ |

५. **कोषको लेखा परिक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन् :**

**वजेट पेश गर्ने तथा पारित गर्ने** : स्थानीय शासन संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमानसाथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ । तर गाँउपालिकाले संशोधित आय व्यय मिति २०७५।९।२७ मा पारित गरेको छ ।

६. **आन्तरिक व्यवस्थापन प्रणालीसँग सम्वन्धित देखिएका व्यहोराहरुः-** आन्तरिक नियन्त्रण तथा प्रभावकारी व्यबस्थापनका लागि यस कार्यालय र तालुक निकाय समेतले निम्न व्यहोराका कामहरु गर्नु गराउनु पर्नेमा पुर्ण रुपमा कार्यान्वयन तथा पालना गरेको पाईएन । नियमानुसार सबै व्यहोराको पालना तथा कार्यान्वयन गर्नु पर्दछ ।

- कार्य विवरणः कार्यालयले कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिनुपर्नेमा कार्य विवरण तयार गरी जिम्मेवारी दिएको नदेखिएको हुँदा सो तयार गरी अधिकार र जिम्मेवारी दिनुपर्ने देखिन्छ ।
- खरिद योजनाः- खरिद योजना तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ अनुसार सार्वजनिक निकायले वार्षिक दशलाख रुपयाँभन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने बार्षिक खरिद योजना तयार गरी कार्यान्यिन हुन सकेको देखिएन ।
- मू.अ.कर भुक्तानीको जानकारी :- मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) मा ठेक्का दिने सरकारी निकाय, सार्वजनिक संघसंस्था वा दर्ता भएको व्यक्तिले आफूले गरेको कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाइं दिनुपर्नेमा दिएको देखिएन ।
- भुक्तानी भएको छापः- भुक्तानी भएका सबै बिल भर्पाइमा भुक्तानी भएको छाप समेत लगाई प्रमाणीत गरि राख्नु पर्नेमा सो अनुसार गरेको पाईएन ।
- जिन्सी तर्फ मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई राखेको छैन ।
- सुशासन सञ्चालन (कार्यविधि नियमावली), २०६५ मा हरेक सार्वजनिक निकायले नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्ने अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्ने व्यवस्था रहेकामा त्यस्तो संयन्त्र तर्जुमा गरेको पाइएन ।

  बिभिन्न ऐन नियम एवं कार्यविधिहरुमा रहेका उल्लिखित प्रावधानहरुको पालना गरी आन्तरिक नियन्त्रणलाई थप प्रभावकारी बनाउनु पर्दछ ।

| | | |
|---|---|---|
| ७. | **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५(१) मा प्रत्येक मन्त्रालय, सचिवालय, संवैधानिक अङ्ग, विभागीय प्रमुखले आफू र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्यहरू मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी यो नियम प्रारम्भ भएको एक वर्षभित्र लागू गरी सक्नु पर्ने भन्ने व्यवस्था छ । कार्यालयले यो वर्ष ऐन बमोजिम आन्तरिक नियन्त्रण प्रणालीको स्थापना गरेको, जोखिम क्षेत्र पहिचान र नियन्त्रणका उपाय सम्बन्धमा छलफल समेत गरेको देखिदैन । मूल्यवान सवारी साधन राख्न उचित प्रवन्ध नगरेको, नापी किताबमा चेनेज रहेको स्थान उल्लेख गरी चेनेजको लगत राख्ने व्यवस्था नगरेको, खर्चको विल भर्पाई सार्वजनिकीकरण नगरेको, अख्तियार र जिम्मेवारी किटान गरी कर्मचारीको कार्यविवरण तयार नगरेको, भ्रमणमा खटाउनुपर्दा आवश्यकता र भ्रमण अवधिको एकिन गरी आवश्यक मात्रामा मात्र भ्रमण खटाउनुपर्नेमा त्यस तर्फ पुर्ण ध्यान नदिएको, विद्युतिय हाजिरीको प्रयोग नगरेको, अग्रिम कर दाखिला गर्न विथहोल्डर प्यान लिनुपर्नेमा नलिएको, कार्यालयको काम सम्बन्धमा आईपर्ने जोखिम पहिचान गरि मूल्यांकन गर्ने, सोको अद्यावधिक अभिलेख राखी जोखिमको रोकथाम तथा निराकरण गर्नका लागि आवश्यक संयन्त्रको व्यवस्था नगरेको जस्ता व्यहोरा देखिएका छन् । त्यसैले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई योजना तथा कार्यक्रम संचालनमा मितव्ययीता अपनाउँदै सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रीत गर्नुपर्ने देखिन्छ | |
| ८. | **आन्तरीक नियन्त्रण प्रर्णाली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रर्णाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । तर कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली बनाएको छैन । | |
| ९. | **वजेट तथा कार्यक्रम तर्जुमा:** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको निती तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषय क्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । तर गाँउपालिकाले सो अनुसार दोहोरोपन आउन नदिने गरी कार्यक्रम तय गरेको छैन । | |
| १०. | **कानून तथा कार्यविधि निर्माण सम्वन्धमा:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२(३) मा स्थानीय तहले निर्माण गरेका कानून स्थानीय राजपत्रमा प्रकाशित गर्नु पर्ने र १०२(५) मा स्थानीय तहले निर्माण गरेका कानून स्थानीय राजपत्रमा प्रकाशित नगरे सम्म लागु नहुने व्यवस्था रहेको छ ।यस पालिकाले आर्थिक वर्ष २०७५।७६ मा देहायका ऐन नियम, कार्यविधि पारित गरेपनि राजपत्रमा प्रकाशन गरेको पाईएन । अत ऐन नियम, कार्यविधिहरुलाई राजपत्रमा प्रकाशन गर्नु पर्दछ ।<br><br>क्र.सं \| ऐन, नियम, कार्यविधिको नाम \| प्रमाणिकरण मिति \| राजपत्रमा प्रकाशित मिति<br>१ \| सखुवानन्कारकट्टी गाउपालिकाका विनियोजन ऐन २०७५ \| २०७५/९/२७ \|<br>२ \| सखुवानन्कारकट्टी गाउपालिकाको आर्थिक कार्यविधि ऐन २०७५ \| २०७५/९/२७ \|<br>३ \| \| \| | |
| ११. | **आन्तरिक ऋण:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६८ बमोजिम पालिकाले वित्त आयोगको सिफारिसमा सम्वन्धित सभावाट स्वीकृत गरी उत्पादनशिल, रोजगारमुलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ। तर गाउँपालीकाले यो वर्ष सो अनुसार ऋण लिएको छैन । | |
| १२. | **स्थानीय तथ्यांक र अभिलेख :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याँक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । यस गाँउपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा जोड दिन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट र | |

कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यसतर्फ गाँउपालीकाले अभिलेख व्यवस्थापन गर्नु जरुरी छ ।

१३. **बैंक हिसाब -** कार्यालयको खाता हिसाव र वैंक हिसाव एक आपसमा भिडान गर्नुपर्ने व्यवस्था छ । पालिकाको यसवर्षको आम्दानी रु २८०,३४१,६०७.५३ र फिर्ता समेतको खर्च रु. २७४,३६१,१५४.१८ भई बैंक मौज्दात रु. ५,९८०,४५३.३५ बाँकी रहेको छ ।त्यस्तै आय व्यय विवरणमा देखाएको कोषको हिसाव अनुसार वैक मौज्दात ३३,९३,५६७८२ र वैक स्टेटमेन्टले रु ६७,०२,९६६.२७ देखाएको छ । फरक मौज्दात देखिएको रु ३३०९३९८.४५ का सम्वन्धमा एकिन गरी बढी मौज्दात देखिएको रकम आम्दानी वाध्नु पर्दछ ।

१४. **चौमासिक खर्च:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार कुल पुजीगत खर्च रु १० करोड ८३ लाख २७ हजार मध्ये प्रथम चौमासिकमा ५.३६ प्रतिशत, दोश्रो चौमासिकमा २९.३८ प्रतिशत र तेश्रो चौमासिकमा ६५.२५ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा ५३.६८ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । अत सन्तुलित रुपमा वजेट खर्च गर्नु पर्दछ ।

१५. **योजनामा वजेट विनियोजन तथा कार्यान्वयन :-** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको अनुमानीत विवरण गाउ/नगर सभामा पेश गरी पारित गर्नुपर्ने व्यवस्था छ । सखुवानान्करकट्टी गाउपालिकाको मिति २०७५।०३।१७ गतेको दोस्रो सभाले आर्थिक वर्ष २०७५।७६ को बजेट, नीति तथा कार्यक्रम पारित गरेको छ । गाउसभाबाट पारित योजनाहरुको आवधीक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत मध्यकालीन तथा दिर्घकालिन प्रकृतिका आयोजनाहरुको सुची समेत तयार गरी सोही अनुसार वजेट विनियोजन गर्नुपर्नेमा गाउसभाले एकीकृत रुपमा निम्न विषयमा सभाको दोस्रो वैठक २०७५।०३।१७ वाट वजेट विनियोजन गरेको छ । गाउपालीका अन्तर्गत संचालित आयोजनाहरुको आयोजनागत खाता अनुसार रु २०८४४२१५९.०९ खर्च भएको छ ।

| सि.नं. | आयोजनाको किसिम | आयोजना संख्या | विनियोजित बजेट रु हजारमा | खर्च बजेट |
|---|---|---|---|---|
| | समपुरक तथा आयोजना व्यवस्थापन | | | |
| क | आर्थिक विकास | | ३५५००००।०० | ३२२१७३५।०० |
| ख | सामाजिक विकास | | १२२८४७०००।०० | ११२९९६११८।४४ |
| ग | पूर्वाधार विकास | | ९४५११४९६।०० | ९०५७८४१२।६५ |
| घ | वतावरण तथा विपद व्यवस्थापन | | ९५००००।०० | ९२६९१९।०० |
| ङ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | | १४०००००।०० | ७१८९७४।०० |
| | जम्मा | | २२३२५८४९६.०० | २०८४४२१५९.०९ |

वडागत योजना संख्या निम्नानुसार छन

| वडा न. | योजना संख्या जम्मा |
|---|---|
| वडा न. १ | ०७ |
| वडा न. २ | २२ |
| वडा न. ३ | ०८ |
| वडा न. ४ | १२ |
| वडा न. ५ | ०४ |
| पालिका स्तरिय | १८७ |
| जम्मा | २४० |

१६. **बोलपत्रको तुलना:** लेखापरीक्षणको लागि पेश भएको बोलपत्रमा सहभागिता र लागत कवोल अंकको कार्यालयबाट प्राप्त विवरण अनुसार ठेक्काको लागि ५ वटा बोलपत्र अह्वान भएकोमा १५ विक्रि भई १५ वटा

बोलपत्र दाखिला भएको पाइयो । ठेक्काको लागत अनुमान २ करोड ४८ लाख ९० हजार रहेकोमा २ करोड ४५ लाख ८९ हजारको ठेक्का स्वीकृत भएकोमा १.२१ प्रतिशत सम्म घटेको देखियो ।

| क.सं. | कार्यक्रमको नाम | ठेक्का नम्बर | बिक्री स | दाखिल ा स | फिर्ता सङ्ख्या | लागत अनुमान | स्वीकृत रकम |
|---|---|---|---|---|---|---|---|
| १ | वडा न २ को कार्यालय जाने सडकमा रिटेनिङ्ग वाल माटो फिलिङ्ग | ०१/०७५।७६ | ३ | ३ | ० | १२०१४६८।४५ | ११९३४०८।०० |
| २ | महेशवारीचौकदेखिमुस्लिम टोल सम्म सडक ढलान | ०२/**Road/SRM**/०७५।७६ | ३ | ३ | ० | १०४९९२५३।८३ | १०२१५६५१।८८ |
| ३ | महदेवा चौक देखि तिनकुने सम्म सडक ढलान | ०३/**Road/SRM**/०७५।७६ | ३ | ३ | ० | ५८४४७७३।४६ | ५८४११४३।४४ |
| ४ | सरहनचिया देखि तिनकुने सम्म सडक ढलान | ०४/**Road/SRM**/०७५।७६ | ३ | ३ | ० | ५८४४७७३।४६ | ५८४११४३।४४ |
| ५ | मिर्जापुर चौक देखि मौवाही जानेसडक सोल्जरफिलिङ्ग | ०५/**Road/SRM**/०७५।७६ | ३ | ३ | ० | १४९९५१०।०० | १४९७६५१।१५ |
| | | **जम्मा** | **१५** | **१५** | | २४८८९७७९।२० | २४५८८९९७.०३ |

१७. **ठेक्का व्यबस्था** : यस बर्ष ५ वटा ठेक्का व्यबस्था भएकोमा प्रथम चौमासिकमा कुनै ठेक्का व्यवस्था नभई दोस्रो चौमासिकमा ४ वटा र तेस्रो चौमासिकमा १ वटा ठेक्का सम्झौता गरेको पाइयो । सो मध्ये ५ वटै ठेक्काको कार्यसम्पन्न भएको छ । कानूनले निर्दिष्ट गरेको व्यवस्था अनुसार प्रथम चौमासिकमानै ठेक्का व्यबस्था गरिनु पर्दछ ।

१८. **कर्मचारी व्यवस्था** : निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकामा रहने कर्मचारी दरवन्दी २९ रहेकोमा संघिय सरकारवाट सरुवा भई आएका ८, साविक स्थानिय निकायका ६ र आन्तरिक पदपूर्ति ९ समेत २३ जना कार्यरत रहेको देखियो । ६ पद रिक्त रहेका छन । अनावश्यक पद भए खारेज गर्नु पर्ने र आवश्यक भए पदपुर्ती गर्न कारवाही गर्नु पर्नेमा कुनै कारवाही गरेको देखिएन ।

१९. **सशर्त अनुदान** - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं.१०६४ मिति २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि पशु पंक्षी मन्त्रालय लगायतबाट प्राप्त भएको रकम आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा गाउँपालिकाले रु ९७३३३५८।०८खर्च नभई बाँकी रकम मिति २०७६।४।१५ मा संघीय सञ्चित कोषमा दाखिला गरेको देखिन्छ ।

| क.सं | अनुदानको किसिम | जम्मा अनुदान | खर्च | बाँकि (फ्रिज हुनुपर्ने) |
|---|---|---|---|---|
| १ | शिक्षा | ६६९९७०००।० | ५९६९९१२।९७ | ७३०२०८७।०३ |
| २ | स्वास्थ्य | १७४३४०००।०० | १६५१०७०६।४७ | ९२३२९३।५३ |
| ३ | कृषि | ४८६७०००।०० | ३५५१६२२।४८ | १३१५३७७।५२ |
| ४ | उर्जा | ९०७०००।०० | ८९२४७०।०० | १४५३०।०० |
| ५ | महिला | ८६१०००।०० | ७३०७६८।०० | १३०२३२।०० |
| ५ | खनेपानी तथा सरसफाई | ४६०००।०० | ०।०० | ४६०००।०० |
| ७ | संरक्षण | १५००००।०० | १४८१६१।०० | १८३९।०० |
| | **जम्मा** | | | ९७३३३५८।०८ |

२०. **बरबुझारथ** : मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाँउपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउपालिकामा समाहित भएका साबिकका गाँउ विकास समितिको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाँउपालिकाले एकिन

| | | |
|---|---|---|
| | गरी अध्यावधिक नगरेकोले गाँउपालिकाले उक्त व्यवस्थाको कार्यान्वियन गर्नुपर्दछ । | |
| २१. | **स्रोत नक्सांकन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाँउपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | |
| २२. | **आर्थिक विवरण** : गाउँपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्दछ । गाउँपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको स्थिति समेत मुल्यांकन गर्न सकिने स्थिति देखिएन । | |
| २३. | **उपभोक्ता समिति** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने, जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन । त्यस्तै योजना को सम्झौता खातामा उपभोक्ता समितिको पदाधिकारीको नाम मात्र राखी आय विवरण नभर्दा योजनाको वास्तविक बस्तुस्थिती चित्रण नहुने, लागत अनुमान मध्ये उपभोक्ताले व्यहोर्ने अंश उल्लेख नगर्दा जनश्रमदान १० प्रतिशत भयो भएन एकिन गर्न नसकिने, कार्य कहिले सुरु गरी कुन मितिमा सम्पन्न हुने हो थाहा नपाउने, कार्य सम्पन्न तथा ठेक्का बिलमा अधिकांसमा कार्यकारी प्रमुखबाट प्रमाणित नभएका, नापी किताबमा आवश्यक विवरण नभरेका, लागत अनुमान स्वीकृत नगरेका जस्ता कारणले योजना भए गरेरै भुक्तानी भएको हो भन्न सकिएन । अतः यस्ता कार्यमा सुधार गरी भए गरेको कार्यलाई प्रमाणीत गर्नु पर्ने र प्रकृयागत रुपमा त्रुटी हुन नदिन कार्यालयले पहल गर्नु पर्दछ । | |
| २४. | **कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीको लागि निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउपालिकाले कर्मचारी कल्याण कोषमा गतवर्ष रु १० लाख जम्मा गरेको छ । सो वाहेक अन्य कोषको व्यवस्था गरेको छैन । | |
| २५. | **विना प्रतिस्पर्धा खरिद**: सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा खरीद गर्न नमिल्ले साथै नियम ८४ मा रू.५ लाख देखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्र द्वारा खरीद गर्नुपर्ने व्यवस्था छ । नियमानुसार एकमुष्ठ खरीद योजना बनाई सिलबन्दी दरभाउ पत्र, बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्नेमा वोलपत्र एवं सिलवन्दी दरभाउपत्रवाट खरिद नगरि रु. ३१ लाख ७९ हजारका सामान १० पटक सोझै खरीद गरेको पाइयो । खरीद कार्य गर्दा नियमको पालना हुनु पर्दछ । | |

| सि.नं | गो.भौ.नं. र मिति | विवरण | खरिद रकम |
|---|---|---|---|
| १. | ४३/२०७६/३/२२ | ल्यापटप समेत मेशिनरी सामान | ४९८३३०.०० |
| २. | ४४/२०७६/३/२२ | सामसुङ्ग मोवाईल सेट | ३९४३७.०० |
| ३. | ४५/२०७६/३/२२ | ल्यापटप र प्रिन्टर | २२७४६५.६१ |
| ४. | ४६/२०७६/३/२५ | चर्चमा साउण्ड सिस्टम | ४४९४०१.०० |
| ५. | १३०/२०७६/३/३१ | व्रोदर प्रिन्टर | ३७०४९.०० |
| ६. | १३०/२०७६/३/३१ | मदरवोर्ड समेत | ५८८८४.०० |
| ७. | १३१/२०७६/३/२२ | कम्पूटर र प्रिन्टर समेत | ४९००२४.०० |
| ८. | १३२/२०७६/३/२२ | वाल वोर्ड | ४०००००.०० |
| ९. | ८३/२०७६/३/२२ | अफिस टेवुल लगायत फर्निचर | ४९६४३१.०० |
| १०. | ८३/२०७६/३/२२ | दराज लगायत फर्निचर | ४८२०९७.०० |

| | | |
|---|---|---|
| | जम्मा ३१७९११८.६१ | |
| २६. | **वातावरणीय प्रभाव** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । गाउँपालीकाले यो वर्ष वातावरण संरक्षण, नगर र नदी सफाइ कार्यक्रम चलाएको विवरण पेश गरेको छैन । वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सालबसाली सरसफाईको काममा गाउँक्षेत्रको सडक सफाइ, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, र नदी सरसफाई पर्दछन् । यसरी वातावरण तथा विपत व्यवस्थापनमा रु. ९,५०,०००.०० बजेट व्यवस्था भएकोमा रु ९२६९१९।०० खर्च भएको विवरण पेस गरेको छ । कार्यक्रम सञ्चालन बाट भएको उपलब्धीको लेखाजोखा गरेको छैन । अतः कार्यक्रम सञ्चालन गरी प्राप्त उपलब्धीको मुल्यांक्न गरिनु पर्दछ । | |
| २७. | **सरकारी तथा सार्वजनिक जग्गाको उपयोग तथा संरक्षण** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, आफ्नो कोषबाट बनेको, खरिद भएको वा नेपाल सरकार, प्रदेश सरकार, कुनै संस्था वा व्यक्तिले दिएको सम्पत्ति, ढल, नाला, पोखरी, धार्मिक स्थल, पाटी, पौवा, घर, कुवा, धारा, इनार, गौचर, पानीघाट, निकास, चोक, गल्ली, सडक, बाटो सडकको दायाँबार्याका रुख, आफ्नो स्वामित्वमा रहेको भवन, जग्गा, पार्क, उद्यान, चौतारो, बसपार्क, वा अन्य संरचना, राष्ट्रिय निकुन्ज, वन्यजन्तु आरक्ष, सीमसार क्षेत्र, तथा राष्ट्रिय वन बाहेक आफ्नो क्षेत्राधिकारभित्रको अन्य वन, संविधान र प्रचलित कानून बमोजिम नेपाल सरकार वा प्रदेश सरकारको क्षेत्राधिकार बाहेकको अन्य प्राकृतिक सम्पदा लगायतका सम्पत्तिको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था रहेको देखिएपनी त्यस्ता सम्पत्तिको अद्यावधिक अभिलेख तथा Digitizeगरी रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध समेत गरेको देखिएन । साथै गाउपालिकाको सार्वजनिक जग्गाको अद्यावधिक अभिलेख नराखिएको कारणबाट सार्वजनिक, पर्तिको रुपमा रहेका जग्गाले ओगटेको क्षेत्रफल पुरै सावुद रहे नरहेको र ऐनको दफा ९७ बमोजिम गाउपालिकाले सार्बजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै ब्यहोराले हक हस्तानतरण गर्न लिजमा दिन नपाउने ब्यबस्था भएपनि सार्बजनिक जग्गा कसैले उपयोग गरे नगरेको एकिन हुने अवस्था देखिएन । | |
| २८. | **करदाताको अभिलेख** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो क्षेत्रभित्र ब्यापार, ब्याबसाय वा सेवामा पुजिगत लगानी र आर्थिक कारोवारको आधारमा ब्यबसाय कर लगाउने ब्यबस्था छ । त्यस्तै ऐनको दफा ५५,५६,५७,५९,६०,६१ र ६२ मा गाउपालिकाले आफ्नो क्षेत्रभित्रको घर जग्गामा सम्पत्ति कर, जग्गाको उपयोगमा भुमिकर (मालपोत), कुनै ब्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी वहालमा वहाल कर, आफुले निर्माण, रेखदेख र संञ्चालन गरेको हाट बजार, पसल र जग्गामा वहाल विटौरी शुल्क, पार्किङ शुल्क, जडिबुटी, कवाडी र जिबजन्तु कर, सेवा शुल्क आदी लगाउन सक्ने ब्यबस्था भएपनि करदाताको अभिलेख ब्यबस्थित रुपमा राखेको पाइएन । | |
| २९. | **व्यवसाय कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा केहि व्यवसायीहरुको लगत राखेको भएतापनि उक्त लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । गाउँपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । लेखापरीक्षणका क्रममा गाउँपालिकामा अवस्थित व्यवसायी संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन । गाउँपालिका क्षेत्र भित्रका व्यावसायलाई अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ३०. | **मनोरञ्जन कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा गाउँपालिकाले कूनैपनि कर संकलन गरेको पाईएन । यस गाउँपालीकाको गाउपालिका क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ । | |

३१. **आय असुलीको तुलनात्मक अवस्था :** पालिकाले यस वर्ष आन्तरिक आय रु **५९०००००**अनुमानित गरेकोमा अनुमानित आयको ३४.२० प्रतिशत अर्थात रु २०१७५४२.४५ असुलि गरेको छ भने लक्ष्य निर्धारण भएको १० शिर्षक मध्ये ६ वटा शिर्षकको असुली देखिएको छैन । आय असुलि नहुनाको कारणहरु विश्लेषण गरी सुधारका उपायहरु अबलम्बन गरेको पाइएन ।

| आय संकेत/ शिर्षक | अनुमानित आय | प्राप्त रकम |
|---|---|---|
| ११३१४ भुमिकर/ मालपोत | २०००००.०० | १२९४८०.५७ |
| ११३२२ बहाल बिटौरी कर | ३००००००.०० | १७२५९५७.६० |
| ११४५१ सबारी साधन कर | ५०००००.०० | ० |
| ११६१३ ब्यबसाय रजिष्ट्रेशन दस्तुर | २०००००.०० | ० |
| ११६९१ अन्य कर | ५०००००.०० | ० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | १०००००.०० | १३८६१०.२१ |
| १४२४२ नक्सापास दस्तुर | २०००००.०० | ० |
| १४२४३ सिफरिश दस्तुर | ५०००००.०० | ० |
| १४२४५ नाताप्रमाणित दस्तुर | २०००००.०० | ० |
| १४५२९ अन्य राजश्व | ५०००००.०० | ८७००.०० |
| ३२१२१ गत बर्षको नगद मौज्दात | ० | १४७९४.०७ |
| **जम्मा** | **५९०००००** | **२०१७५४२.४५** |

३२. **रसीद नियन्त्रण खाता :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ । कार्यालयले राजश्व असूलीमा प्रयोग हुने रसिद को छपाई एवं गत विगतको बाँकी र यो वर्ष खर्च भई आगामी वर्षको लागि जिम्मेवारी सारेको तथा वडाहरुमा पठाएको रसिदको आम्दानी खर्च (उपयोग) खुल्ने अभिलेख रसीद नियन्त्रण खाता अद्यावधिक नगरेकोले राजश्व असूलीमा प्रयोग हुने रसीद उपर्युक्त ढङ्गवाट प्रयोग भएको छ भन्न सकिने आधार भएन । आम्दानी जस्तो संवेदनशिल विषयमा गम्भिर भई रसीदको प्रयोगलाई व्यवस्थित बनाइनुपर्दछ ।

३३. **राजश्वको सफ्टवेयर :** नगरपालिकाले राजश्व असूलीलाई व्यवस्थित बनाउन साङ्ग्रीला माइक्रोसिस्टम प्रा.लि. ले तयार गरेको MAS (Municipality Accounting System) सफ्टवेयर प्रयोगमा ल्याएको भएता पनि वडा कार्यालयहरुले मेनुअल माध्यमबाट आम्दानीको अभिलेख गरेको देखिएको छ । यस सम्बन्धमा आगामी दिनमा पूर्ण रुपमा सफ्टवेयरबाट आम्दानीको अभिलेख राखिने नगरपालिकाको भनाई रहेता पुर्ण रुपमा सुरक्षित सफ्टवेयरको प्रयोग गरी राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थित गर्ने तर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

३४. **राजश्व दाखिला :** आर्थिक कार्यविधि नियमित तथा ब्यबस्थित गर्न बनेको ऐन २०७४ को दफा १३ मा जिम्मेवार ब्यक्तिले आफनो जिम्मामा आएको सरकारी नगदको हकमा सोहि दिन वा भोलिपल्ट तोकिएको बैक खातामा दाखिला गरी श्रेस्ताखडा गनुपर्ने ब्यवस्था छ । त्यस्तै सोहि दफामा दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशत १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिबाना गरी दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिला गरेको भए २५ प्रतिशत जरीवाना गरी नगद दाखिला गर्न लगाइ कसुरको मात्रा अनुसार निजमाथि विभागीय कारवाही सम्म गर्न सक्ने ब्यवस्था छ । पालिकाको देहाय आम्दानी राजश्व खातामा दाखिला गरेको नदेखिएकोले ऐनको सो ब्यबस्थाबमोजिम दाखिला गनुपर्ने रु ७४१३७५२

| बिबरण | असुली रकम | दाखिला रकम | दाखिला नभएको रकम |
|---|---|---|---|
| वडा नं. ३ | ५०४३४।८८ | ४१४५२।२२ | ८९८२।६५ |
| वडा नं. १ | ६२७०४।१२ | ५५६१६।०६ | ७०८८।०६ |
| वडा नं. ५ | ८९००५।२३ | ३०९३८।४२ | ५८०६६।८१ |
| **जम्मा** | | | **७४१३७५२** |

३५. **आन्तरिक आम्दानी:** बार्षिक कार्यक्रमका हरेक आम्दानि खर्चका शीर्षकहरुलाई बर्गिकरण तथा लेखाङ्कन नेपाल सरकारले निर्धारण गरे बमोजिम गर्नु पर्ने व्यवस्था भएपनि गाउँसभाबाट स्विकृत बार्षिक कार्यक्रमको आम्दानि खर्चका प्रत्येक शिर्षकलाई गाउँपालिकाले लेखाङ्कन गर्दा राखेका शिर्षकहरु संग भिडान हुने गरी नेपाल सरकारले निर्धारण गरे बमोजिम संमाहित गर्नु पर्नेमा आम्दानी खर्च लेखाङ्कन गर्दा आम्दानी खर्चका

शिर्षकहरु सोझै भिडान हुने गरेको पाईएन ।

३६. **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नुपर्ने तथा महालेख नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलव्ध गराई २०७५।४।१ देखि सवै पालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । सफ्टवेयरले पेश्कि रकमलाई दोहोरो वजेट खर्च देखाउने, भौचरहरु सहज तरिकाले परिमार्जन गर्न मिल्ने देखिएकोले विद्युतिय प्रणालीमा राखिएको लेखा भरपर्दो देखिएन । सफ्टवेयरको विस्वासनियता परिक्षण गरी सम्वन्धित निकायवाट स्विकृति समेत लिएको नदेखिएकोले गाउपालिकाको आय-व्ययको हिसाव यथार्थपरक छ भनि विश्वस्त हुन सकिएन यसमा छानबिन हुनुपर्दछ

३७. **सुशासन ऐन तथा सूचनाको हक कार्यन्वयन अवस्था :** सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा सार्वजनिक निकायले आफ्नो निकायसंग सम्बन्धित विभिन्न सूचनाहरु प्रकाशन गर्नुपर्ने व्यवस्थाका साथै, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ मा सरकारी निकायले आफूले एक आर्थिक वर्षभरी सञ्चालन गरेका कार्यक्रम, सम्पादन गरेका काम र प्रगति तथा लागत लगायतका विषयहरु समावेश गरी वार्षिक प्रतिवेदन तयार गर्नुपर्ने प्रावधान रहेकोछ । यि प्रावधान अनुसार नगरपालिकाले आ.व. २०७५/७६ मा गरेका कार्यहरु समेटेर वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गरेको र वेभसाइडमा अपलोड गरेको छैन ।

३८. **सार्वजनिक परिक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । सो अनुसार सार्वजनिक परिक्षण र सुनुवाई गरेको छैन ।

३९. **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । पालिकाले यस्तो कार्य कार्यन्वयनमा ल्याएको छैन । जस्तैः जनजाती जनचेतना अभिवृद्धि, जेष्ठ नागरीक सम्मान जस्ता साल बसाली कार्यमा समेत बजेट विनियोजन गरी खर्च गरेको छ ।

४०. **आन्तरीक लेखापरीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ (२) तथा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६(२) मा प्रत्येक कार्यालयले सवै प्रकारका आय व्ययको लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । त्यस्तै नियमावलीको नियम ९६ वमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयको राजस्व, धरौटी तथा विनियोजन तर्फको आय व्यय तथा खडा भएको कार्य सञ्चालन कोष तथा अन्य कोषको आन्तरिक लेखापरीक्षण सम्बन्धीत कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराउनु पर्दछ भन्ने व्यवस्था रहेको छ । तर यस कार्यालयले आन्तरिक लेखापरीक्षण गराएकोमा प्रभावकारी छैन ।

४१. **सवारी साधन खरिद -** गाउपालिकाले कार्यालयको लागि आवश्यक सवारी साधन खरिद गर्नको लागि खरिद गर्ने सवारी साधनको लागत अनुमान तथा स्रोत उल्लेख गरी अर्थ मन्त्रालयमा स्वीकृतको लागि पेश गरी अर्थ मन्त्रालयबाट स्वीकृती लिई सवारी साधन खरिद गर्नु पर्दछ । गाउपालिकाले वित्तिय समानीकरणको लागि केन्द्रबाट प्राप्त बजेटबाट निम्न सवारी साधन खरिद गरेकोमा अर्थमन्त्रालयबाट स्वीकृत लिएको छैन ।

| गो.भौ.नं. र मिति | सवारी साधनको विवरण | आपुर्तकको नाम | खर्च रकम | कैफियत |
|---|---|---|---|---|
| २२/०७५/११/२२ | ट्विपर १६ एच.डि.आर. | इष्टर्न एजेन्सीस प्रा.ली. | ३७०५००० | |
| जम्मा | | | ३७०५००० | |

४२. **सभाको निर्णय कार्यान्वयन -** मिति २०७५।०९।२७ मा सम्पन्न गाँउपालिका सभाबाट पारित कार्यक्रम र कार्यान्वयनको अवस्थाको फलो अफ रजिष्टरमा अभिलेख राखेको छैन । सो नहुदा आयोजना कार्यान्वयनको अवस्थाको विश्लेषण गर्न सकिएन ।

४३. **ब.उ.शि.नं. ८०१७६९३ (अन्तर सरकारी वित्तिय हस्तान्तरण) चालु**

**स्वकीय सचिवको पारिश्रमिक खर्च –**कार्यालयले स्वीकृत दरवन्दीका कर्मचारीहरुको मात्र तलव भत्ता खर्च लेख्नु पर्दछ । साथै प्रदेश २ अर्न्तगत स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ मा गाउँपालिकाको अध्यक्ष एवम उपाध्यक्षको सचिवालयको लागि थप कर्मचारी नियुक्त गरी तलव

<table>
<tr><td></td><td>भत्ता भुक्तानी दिन मिल्ने व्यवस्था छैन । गाउँपालिकाले निम्न भौ नं र मितिवाट गाउँपालिकाको अध्यक्ष एवम उपाध्यक्षका स्वकीय सचिवलाई पारीश्रमिक खर्च लेखेकोमा नियमित नदेखिएको रु

| ब.उ.शि.नं | गो.भौ.नं /मिति | नाम | अवधि | तलव भत्ता |
|---|---|---|---|---|
| गाउँपालीका चालु | २३।२०७५।६।२६ | गौरीनन्द किशोर यादव<br>अकलेश कुमार यादव | श्रावण असोज<br>श्रावण असोज | ६६५१०।००<br>६६५१०।०० |
| गाउँपालीका चालु | ५५।२०७५।१०।२ | गौरीनन्द किशोर यादव | कार्त्तिकदेखि पौष | ६६५१०।०० |
| गाउँपालीका चालु | ६४।२०७५१०।२७ | अकलेश कुमार यादव | कार्त्तिकदेखि पौष | ६६५१०।०० |
| | | | जम्मा | २६६०४०।०० |
</td><td>२६६०४०</td></tr>
<tr><td>४४.</td><td>अनुगमन खर्च - स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ ले स्थानीय तहको योजनाहरु अनुगमन गरे बापत पाउने पारिश्रमिक सम्बन्धी स्पष्ट व्यवस्था गरेको छैन । तर गाउपालिकाले वडा नं.१ देखि ५. सम्मका विभिन्न मितिमा अनुगमन गरेको भनी पदाधिकारी एवं कर्मचारीहरु, राजनिति दलका प्रतिनिधि तथा पत्रकारको लागी देहाय बमोजिम खर्च लेखेको पाइयो । यसरी खर्च सम्बन्धी कानूनी स्पष्ट व्यवस्था नभएको अवस्थामा समेत अनुगमन खर्च भनी खर्च लेख्ने कार्यलाई निरुत्साहित गर्नुपर्ने देखिन्छ ।

| ब.उ.शि.नं | गो.भौ.नं /मिति | बिबरण | अनुगमन भत्ता रकम |
|---|---|---|---|
| गाउँपालीका चालु | १८०।२०७६।३।२५ | गाउपालीकाको योजना अनुगमन | ११४५००।०० |
</td><td></td></tr>
<tr><td>४५.</td><td>सफ्टवेयर खरिद, निर्माण तथा प्रमाणिकरण : नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा संञ्चालन) निर्देशिका २०७१ को बुदा ४ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट संञ्चालन गर्नको लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणाली निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न केन्द्रीय निकाय मार्फत सुचना प्रविधि विभागमा पठाउनुपर्ने, प्राप्त भएको कागजका आधारमा प्राविधिक समितिबाट जाँचबुझ गराई मानक बमोजिम पाइएमा विभागले तीस दिनभित्र प्रमाणीकरण गर्ने व्यवस्था छ । स्थानीय तहले प्रयोगमा ल्याएको कम्प्युटर सफ्टवेयर आफ्नो कार्यसम्पादन, सेवाप्रवाह, लेखा तथा प्रतिवेदनको लागि प्रयोग गर्दा विभागबाट प्रमाणीकरण नगराइ प्रयोगमा ल्याउने गरेको पाईएको छ । विभागबाट प्रमाणीकरण नगराइ सफ्टव्यर प्रयोगमा ल्याउदा युजरलगको व्यवस्था, डिजिटल हस्ताक्षर मैत्रि (PKI Software Enabled) समेत सुविधा नहुने हुदाGovernmentent Enterprise Architecture आधारित स्वीकृत मापदण्डको सफ्टव्यर नहुने देखिन्छ । मापदण्ड वेगरका यस्ता सफ्टवेयरहरु प्रयोग गर्दा कार्य गुणस्तरिय नहुने र कतिपय अवस्थामा यथार्थ आम्दानी खर्चको हिसाव नभएको समेत देखिएको छ । गाउपालिकाले सफ्टवेयर प्रयोग गर्दा कानून अनुसार प्रमाणीकरण तथा स्वीकृत गराएको सफ्टवेयर प्रयोग गरीनुपर्दछ ।

| ब.उ.शि.नं | गो.भौ.नं /मिति | आपुतिकर्ता | सफ्टवेयर | खर्च रकम |
|---|---|---|---|---|
| गाउँपालीका चालु | १५४।२०७६।३।३२ | साग्रिला इनफरमेटिक्स प्रा.लि. | सम्पत्ति तथा भुमिकर सफ्टवेयर निर्माण जडान | ३९९९०७।०० |
| गाउँपालीका चालु | १५९।२०७६।३।२२ | इकोपलस प्रा.लि. | ५ वटा वडाको लागी सम्पत्ति तथा भुमिकर सफ्टवेयर निर्माण जडान | २८२५००।०० |
| गाउँपालीका चालु | १७१।२०७६।३।२५ | प्रोटोकल इन्डरनेशनल प्रा.लि. | ब्यबसायकरको सफ्टवेयर निर्माण जडान | ४८२३९७।०० |
| गाउँपालीका चालु | ९२।२०७६।२।१५ | एम्फसिस टेक फाउण्डेशन | जिन्सी ब्यबस्थापन प्रणाली | ४९८९९९।०० |
| | | | जम्मा | १६६३८०३।०० |
</td><td></td></tr>
<tr><td>४६.</td><td>खरिद योजना सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ उपनियम(१)मा सार्वजनिक निकायले बार्षिक दशलाख रुपैया भन्दा बढि रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक बर्षको अनुमानित बार्षिक कार्यक्रम तथाबजेट तयार गर्दा आगामी आर्थिक बर्षमा गर्ने बार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यबस्था छ । त्यस्तै सोहि नियमको उपनियम(५)मा सार्वजनिक निकायप्रमुखले चालु आ. व.को स्विकृत बजेट तथा कार्यक्रम प्राप्त भएपछि सो अनुरुप यो नियम बमोजिम तयार भएको बार्षिक खरिद योजना परिमार्जन गरी स्वीकृत गनुपर्ने ब्यबस्था छ । पालिकाको कार्यालय सञ्चालन सम्बन्धि बार्षिक बजेट रु १० लाख भन्दा वढी भएपनि बार्षिक खरिद योजना तयार नगरी पटक पटक टुक्रा खरिद गरेको छ । कानून बमोजिम बार्षिक खरिद योजना तयार गरी खरिद कार्य गरिनुपर्दछ ।</td><td></td></tr>
</table>

४७. **स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गांउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं २ प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार सखुवानान्कारकट्टी गाउँपालिकाले देहाय बमोजिम रु. ४३६८०००।०० सुविधावापत भुक्तानी भएको छ ।

| विवरण | प्रमुख/अध्यक्ष | उपप्रमुख | वडा अध्यक्ष .५जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य .१५ जना | जम्मा |
|---|---|---|---|---|---|---|
| मासिक सुविधा | ३१५०० | २७५०० | २०००० | २०००० | ७००० | ४३६८००० |

४८. **कर्मचारी अतिरिक्त समय खर्च** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८८ मा स्थानीय तहका कर्मचारीको सेवासुविधा प्रदेश सरकारले तोकेवमोजिम हुने र प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोकेबमोजिम हुने उल्लेख छ । कार्यालयले यस वर्ष नेपाल सरकार तथा प्रदेश सरकारले व्यवस्था गरेको भन्दा बाहेक प्रोत्साहन भत्ता (अतिरिक्ति समय भत्ता समेत देहाय बमोजिम खर्च लेखेको देखियो । नेपाल सरकारले कर्मचारीलाई कार्य गरेवापत मासिक तलव भत्ताको व्यवस्था गरेकोमा बिभिन्न प्रकृतिका भत्ता तथा अतिरिक्त समय कार्य गरी भत्ता वापत खर्च लेख्न मिल्ने कानुनी आधार नदेखिएको रु ५६५५००।००

| ब.उ.शि.नं | गो.भौ.नं /मिति | बिबरण | अवधि | वापत | प्रोत्साहन भत्ता |
|---|---|---|---|---|---|
| गाउँपालीका चालु | २०७।२०७६।३।३० | ८जना कर्मचारी | श्रावण आषाढ | भत्ता | ३६८०००।०० |
| गाउँपालीका चालु | १४९।२०७६।३।१८ | ८जना कर्मचारी तथा पदाधिकारी | जेठ आषाढ | चौथो गाउसभामा अतिरिक्त समय कार्य | १९७५००।०० |
| | | | | जम्मा | ५६५५००।०० |

४९. **बस्तु वा सेवाको करारमा मुअकर :** मुअकर नियमावली २०५३ को नियम (६ग) मा सरकारी निकाय वा नेपाल सरकारको पुर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तरगत आपुर्तिहुने बस्तु वा सेवा वा बस्तु तथा सेवा बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाइ भुक्तानी गर्दा निजलाइ भुक्तानी गर्ने कर रकमको पचास प्रतिशत हुन आउने रकम निजको नामवाट सम्वन्धित राजश्व शिर्षकमा जम्मा गरी बाकी रहने कर वापतको रकम मात्र भुक्तानीगर्नुपर्ने ब्यबस्था छ । पालिकाले नियमावली लागू भएको २०७६ जेठ १५ पछिको देहायको ठेक्का सम्झौता वा करारको भुक्तानीमा कर रकमको पचास प्रतिशत हुन आउने रकम सम्वन्धित राजश्व शिर्षकमा जम्मा भएको देखिएन नियमावलीको सो ब्यबस्था बमोजिम भुक्तानी गर्ने कर रकमको पचास प्रतिशत हुन आउने रकम सम्बन्धितको नामवाट सम्वन्धित राजश्व शिर्षकमा जम्मा गर्नु पर्नेमा नगरेकोले सम्वन्धीतको कर समायोजन प्रमाण पेश हुनु पर्ने रु ५४८४३५

| ब.उ.शि. नंवर | गोश्वरा भौचर नंवर | आपुर्तिकताको नाम | बिबरण | भुक्तानी मुअकर रकम | राजश्व शिर्षकमा जम्मा नभएको रकम |
|---|---|---|---|---|---|
| गाउँपालीका चालु | ११५।२०७६।३।२ | एस.के.विशेषज्ञ परामर्श | गहना बनाउने तालीम | ५७६४०।०० | २८७३०.०० |
| गाउँपालीका चालु | १२५।२०७६।३।६ | आयूष्मान कन्सल्टेन्सी प्रा.ली | धुम्रपान तथा जनचेतना | ५७३९५।०० | २८६९७.०० |
| गाउँपालीका चालु | १२६।२०७६।३।६ | डेल्टोक्स आइ.सी सोलुसन प्रा.ली. | बजेट सुत्रमा प्रविष्टी | ५७२००।०० | २८६००.०० |
| गाउँपालीका चालु | १२७।२०७६।३।६ | इन्टिग्रेटेड स्टडिज एण्ड रिसर्च प्रा.ली. | सहकारी कानुन मस्यौदा | ५६८४२।०० | २८४२१.०० |
| गाउँपालीका चालु | १२८।२०७६।३।७ | सार्प रिसर्च सेन्टर प्रा.ली. | कार्यबिधि मस्यौदा | ५६३२२।०० | २८१६१.०० |
| गाउँपालीका चालु | १३१।२०७६।३।८ | पनोरमा रिसर्च सेन्टर | कार्यबिधि मस्यौदा | ५६६१५।०० | २८३०७.०० |
| गाउँपालीका चालु | १३०।२०७६।३।८ | बजार बिकास केन्द्र | कार्यबिबरणको मस्यौदा | ५०६८७।०० | २५३४३.०० |
| गाउँपालीका चालु | १५०।२०७६।३।१८ | सगरमाथा कन्सल्टेन्सी | इन्फरमेटिभ | २८१३४।०० | १४०६७.०० |
| गाउँपालीका चालु | १५४।२०७६।३।२२ | साग्रिला इफर्मेटिक्स | सप्पतिभुमीकर सफटवेयर | ४६००७।०० | २३००३.०० |
| गाउँपालीका चालु | १५९।२०७६।३।२२ | इकोप्लस, प्रा.लि | सप्पतिभुमीकर सफटवेयर | ३२५००।०० | १६२३५.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| गाउँपालीका चालु | १७१।२०७६।३।२५ | प्रोटोकल इन्टरनेशनल प्रा.लि. | व्यबसाय करका सफटनेयर | ५५४९७।०० | २७४४८.०० |
| गाउँपालीका चालु | १७२।२०७६।३।२५ | एस.के.विशेषज्ञ परामर्श | राजश्व सम्भाव्यता अध्ययन निति निर्देशिका तयारी | ५७४६०।०० | २८७३०.०० |
| गाउँपालीका चालु | १८०।२०७६।३।२५ | सगरमाथा कन्सल्टेन्सी | डि.पि.आर | २८१३४।०० | १४०६७.०० |
| गाउँपालीका चालु | १७८।२०७६।३।२५ | समाज बिकास कृयाशिल नेपाल | मैनबत्ति बनाउने तालीम | ४५९५५।०० | २२९७७.०० |
| गाउँपालीका चालु | १९१।२०७६।३।२५ | सार्थक इन्जिनियरीङ कन्सल्टेन्सी प्रा.लि. | ओ.एण्ड एम कार्यबिधि तयारी | ५६९९२।०० | २८४९६.०० |
| गाउँपालीका चालु | २०४।२०७६।३।३१ | डिजायन एसोसिएसन नेपाल प्रा.लि | आवास गृहको विस्तृत अध्ययन प्रतिवेदन | ८०५३०।०० | ४०२६५.०० |
| गाउँपालीका पुजिगत | ११५।२०७६।३।३१ | कुशवमशम निर्माण सेवा | सडक मर्मत कार्य | ५६५६०।०० | २८२८०.०० |
| गाउँपालीका पुजिगत | ११७।२०७६।३।३१ | प्रिति निर्माण सेवा | वडा३ को कार्यालय तल्ला थप | ६२५२।०० | ३१२६.०० |
| गाउँपालीका पुजिगत | १२१।२०७६।३।३१ | विमला निर्माण सेवा | गेट तथा मडवा निर्माण | २१००१।०० | १०५००.०० |
| गाउँपालीका पुजिगत | ११३।२०७६।३।३१ | रोहण निर्माण सेवा | कल्याणदेही नदीमा पुल निर्माण | ५६३५०।०० | २८१७५.०० |
| गाउँपालीका पुजिगत | ११४।२०७६।३।३१ | गंगा कन्स्ट्रक्सन | टेवा पर्खाल निर्माण | १३३६१५।०० | ६६८०७.०० |
| | | | | जम्मा | ५४८४३५.०० |

५०. **लागत अनुमानः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) मा सार्वजनिक निकायले एकलाख भन्दा बढिको मालसामान खरिदको लागि लागत अनुमान तयार गरी ऐनको दफ ५क बमोजिम स्वीकृत गर्नुपर्ने व्यवस्था छ । गाउपालिकाले यस बर्ष गरेका देहाय खरिदको लागत अनुमान तयार गरी स्वीकृत गरेको नदेखिएकोले ऐनको ब्यबस्था बमोजिम लागत अनुमान स्वीकृत गरिनुपर्दछ ।

| ब.उ.शि.नं. | गोश्वरा भौचर नंवर | आपूर्तिकर्ताको नाम | मालसामानको बिबरण | खर्च रकम |
|---|---|---|---|---|
| गाउँपालीका चालु | ७६।२०७५।१२।६ | पाण्डे एजुकेशनल सप्लायर्स | मशलन्द | १४००००.०० |
| गाउँपालीका चालु | २१३।२०७६।३।१ | लोकेश पुस्तक स्टेशनरी | मशलन्द | ४९६०९२.०० |
| गाउँपालीका चालु | ४५।२०७५।८।२३ | यादव छापाखाना एण्ड स्टेशनरी | छपाइ | १९९९७८.०० |
| | | | जम्मा | ८३६०७० |

५१. **ब.उ.शि.नं. ८०१७६९३ (अन्तर सरकारी वित्तिय हस्तान्तरण) पुँजीगत**

**बिल बेगर भुक्तानी :-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा कुनै रकमको भुक्तानी गर्दा रित पुगे वा नपुगेको जाँच गरी भुक्तानी गर्नु पर्ने व्यवस्था छ । तर कार्यालयले निम्नानुसार गो.भौ.नं र मिति बाट निम्न अनुसार ठेक्कामा प्रोभिजनल सममा विमा तथा सुचना वोर्ड वापत रकम भुक्तानी गरेकोमा बिल भर्पाई संलग्न गरेको छैन । अत: बिल संलग्न गर्नु पर्ने अन्यथा बिल बिनाको बढी भुक्तानी रकम असूल हुनुपर्ने रु. ८६०००.००

| गो.भौ.नं र मिति | भुक्तानी लिएको व्यक्ती/आपुर्तक | विवरण | बिल रकम | भुक्तानी रकम | बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|
| ८/०७५/९/२९ | आदर्श निर्माण सेवा | सोलजर फिलिङ्ग कार्य | ० | ४६००० | ४६००० | ठेक्का नं ५।०७५।७६ |
| १७/०७६/११/२२ | आदर्श निर्माण सेवा | आर.सी.सी.ढलान | ० | १५००० | १५००० | ठेक्का नं ३।०७५।७६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २७/०७६ /२/१६ | आदर्श निर्माण सेवा | पक्की बाटो पिच कार्य | ० | १५००० | १५००० | ठेक्का नं ४।०७५।७६ |
| ११९/०७ ६/३/३१ | आदर्श निर्माण सेवा | आर.सी.सी.ढलान | ० | १०००० | १०००० | |
| जम्मा | | | | | ८६००० | |

५२. **कर विजक:** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक फर्मले मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसुचि ५ वमोजिमको ढाँचामा सिलसिलेवार नम्वर सहितको प्रिन्टेड विजक जारी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न आपुर्तकलाई मूल्य अभिवृद्धि कर समेत भुक्तानी दिएको छ । मु.अ.करमा दर्ता भएकाले सम्वन्धित आन्तरिक राजश्व कार्यालयमा कर विवरण प्रत्येक महिनामा पेश गर्नुपर्दछ । निम्न आपुर्तकको विजकको प्यान नम्वर लिई सर्चगर्दा राजश्व विभागको अन लाइनमा नन फिलर देखाएको तथा हस्त लिखित विजक जारी गरेकोले आपुर्तकले मु.अ.कर रकम दाखीला गरेको भनी एकीन नभएकोले सम्वन्धित आन्तरिक राजश्व कार्यालयमा मु. अ. कर रकम समायोजन गरेको प्रमाण पेश हुनु पर्ने अन्यथा असुल गर्नुपर्ने रु. १०८४००.३५

| गो.भौ.नं. र मिति | आपुर्तक | कार्य विवरण | विजक नं. र मिति | भुक्तानी रकम | मु.अ.कर रकम |
|---|---|---|---|---|---|
| ७७।२०७६।३।३० | आनन्द ट्रेडर्स एण्ड सप्लायर्स | टयूवेल आपुर्ती | ४।०७६।३।२५ | ४९६९६८ | ५७१७३.३५ |
| ३३।२०७६।३।१२ | शंकर निर्माण सेवा | ग्राभेल कार्य | २।०७६।२।२८ हस्त लिखित | ४४५२८८ | ५१२२७.०० |
| जम्मा | | | | | १०८४००.३५ |

५३. **गुणस्तर परिक्षण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । यस बर्ष पारित गरेको नीति तथा कार्यकम बमोजिम सडक कालोपत्रे, ढलान, भवन निर्माणलाइ कार्य गुणस्तरीयता सुनिश्चित नगरी देहाय बमोजिम कार्यको भुक्तानी गरेको देखिएकोले निर्माण कार्य गुणस्तरीयता सुनिश्चित भएन ।

| बजेट उपशिर्षक | गोश्वरा भौचर | निर्माण ब्यावसायी/उ.स. | कार्य | कार्यसम्पन्न रकम | खर्च रकम |
|---|---|---|---|---|---|
| समानीकरण पुजिगत | ७५।२०७६।३।३० | सिचाईकोलागि तारपोल जडान कार्य उ.स. | पोल जडान | १६१६८७३.०० | १४५५०००.०० |
| समानीकरण पुजिगत | ८८/०७६/३/३० | अधोरो विधुतीय कार्य उ.स. | पोल खरिद | ९७०८५६.८८ | ९०००००.०० |
| समानीकरण पुजिगत | ५४/०७६/३/३० | दिनाजपुर कृषि विद्युतीकरण उ.स. | विद्युतिकरण | | १००००००.०० |

५४. **हेभी मेशीनबाट कार्य गराएको :-** सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९६ (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीब्यूटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न सकिने छैन भन्ने व्यवस्था गरेको छ । तर पालिकासँग सम्झौता गरी वाटो निर्माण र मर्मत गर्ने उपभोक्ता समितिहरुले विभिन्न निर्माण व्यवसायहरु सँग एक्साभेटर, लोडर, जे.सी.वी., बकेट भाडामा लिई निर्माण/मर्मत गरेको छ । कतिपय उपभोक्ता समितिले कार्यालयबाट सम्झौता बमोजिम प्राप्त गर्ने अनुदान रकम भन्दा बढी रकमको भाडाको विल पेश गरेका छन् । भाडामा डोजर लोडर दिने आपूर्तकले विजक जारी गर्दा असूल गरेको मु.अ.कर सम्बन्धीत आन्तरिक राजस्व कार्यलयमा दाखिला गरेको समेत देखिएन । नमूना छनोटको आधारमा लेखापरीक्षण गर्दा देखिएका केही योजनामा एक्साभेटर, डोजर तथा जे.सी.वी.प्रयोग गरी उपभोक्ता समितिले भुक्तानी लिएको रकम अनियमित भएको रु.

| गो.भौ.नं. र मिति | योजनाको नाम | स्काभेटर,डोजर भाडामा दिने आपुर्तक | भाडा अवधी | कार्यालयको अनुदान | भाडा बापत भुक्तानी रकम |
|---|---|---|---|---|---|
| ३७/२०७६/३/१६ | लतमाही स्कुलदेखि सितापुरसम्म माटो पुर्ने काम | चन्द्रमणी कन्स्ट्रक्सन प्रा.ली. | १६० घण्टा | ४७५७६०.०० | ३९३२४०.०० |
| ३८/२०७६/३/१८ | सडक निर्माण | जय श्री राम ईटा उद्योग | ९० घण्टा | ८०००००.०० | २०३४००.०० |
| ४१/२०७६/३/१ | गा.पा.केन्द्र सखुवा सडक आर सि सि ढलान | जय श्री राम ईटा उद्योग | | २२०८२५०.०० | २८५८९०.०० |
| ४९/२०७६/३/२५ | वडा ६देखि ९ सम्म सडक मर्मत | सगरमाथा भगवती काली निर्माण सेवा | ५५.६ घण्टा | ४६४६२५.०० | १३८४७०.०० |
| ६७/२०७६/३/३० | अधुरो ह्युम पाईप माटो ग्राभिल | जय श्री राम ईटा उद्योग | २८ घण्टा | ४७७३५०.०० | २१४१३५.०० |
| ६८/२०७६/३/३० | साविक ६ र ७ माटो ग्राभिल | आयूस आर वाई निर्माण सेवा | ६० अण्टा | १४३४२४.०० | १३५६००.०० |
| ७६/२०७६/३/३० | सडक माटो पुर्ने कार्य | जय श्री राम ईटा उद्योग | ६८ घण्टा | २०००००.०० | १५३६८०.०० |
| जम्मा | | | | ४७६९४०९ | १५२४४१५ |

४७६९४०९

५५. **वढी भुक्तानी** : निम्नानुसार उपभोक्ता समितिलाई कार्य सम्पन्न, नापी तथा ठेक्का विल वमोजिमको रकम भुक्तानी गर्नु पर्नेमा सो भन्दा वढी भुक्तानी भएकोले वढी रकम असुल हुनु पर्ने रु — १२०००

| गो भौ नं. र मिति | उपभोक्ताको नाम | कार्य विवरण | नापी अनुसारको रकम | भुक्तानी रकम | वढी भुक्तानी |
|---|---|---|---|---|---|
| ५५/०७६/३/३० | सडक मर्मत कार्य उ.स. | सडक मर्मत | २८५०००.०० | २९१०००.०० | ६०००.०० |
| ६०/०७६/३/३० | माटो तथा ग्राभेल कार्य उ.स. | ग्राभेल कार्य | २८५०००.०० | २९१०००.०० | ६०००.०० |
| | | जम्मा | | | १२०००. |

५६. **बढि भुक्तानी** :७७।२०७६।३।३०आपुर्तक आनन्द निर्माण सेवालाई टयूवेल खरिद गरे वापत विल अनुसार रु ४९६९६८।०० भुक्तानी हुनु पर्नेमा रु ५०००००।०० भुक्तानी गरेकोले वढी भुक्तानी भएको रकम रु ७४५८।०० असुल गरि दाखिला हुनु पर्ने रु — ३०३२।००

५७. **कार्य सम्पन्न प्रतिवेदन - ११५।०७६।०३।३१**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार खरिद सम्झौतामा उल्लेखित अवधी भित्र कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । गाउपालिकाले कार्यलयबाट महेवारी चौघरे टोलमा सडक मर्मतगरे वापत कुसवाहा निर्माण सेवालाई रु ४९१७२७ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधी सम्म पनि सडक मर्मतको कार्य सम्पन्न प्रतिवेदन पेश नगरेकोले पेश हुनुपर्ने रु. — ४९१७२७.००

५८. **कन्टिजेन्सी खर्च** : आयोजना संचालनमा उपभोक्ता समितिलाई भुक्तानी गर्नुपर्ने रकम मध्ये ३ प्रतिशत कन्टिन्जेन्सी कट्टी गरी भूक्तानी गरेको अवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा ७२ वटा योजना बाट संकलन भएको रु. २०,६९,९६९।०० मध्ये विभिन्न मितिको ३ वटा गोश्वारा भौचरबाट रु ७,८५,०००.०० खर्च गरेको छ । योजना अनुगमन, कार्यालयको काम, योजना सर्भेक्षण, मर्मत लगायतका कार्यमा उक्त रकम खर्च गरेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम कन्टिन्जेन्सीको रकम खर्च गर्दा ५० प्रतिशत पूँजीगत र ५० प्रतिशत चालु प्रकृतिको खर्च लेख्नुपर्नेमा सो प्रक्रिया अवलम्वन गरेको देखिएन । यसरी खर्च गर्ने प्रक्रियामा नियन्त्रण गरिनुपर्दछ ।

५९. **जनसहभागिताको अंशः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३) (क)मा निर्माण कार्य वा सेवाको प्रकृति, परिमाण, लागत अनुमान, उपभोक्ता समिति वा लाभग्रही समुदायले व्यहोर्ने वा व्यहोनुपर्ने रकम, कार्य वा सेवा सम्पन्न गर्नुपर्ने अवधि उल्लेख गरी खरिद सम्झौता गनुपर्ने व्यवस्था छ । उपभोक्ता समितिसँग भएको सम्झौता बमोजिम जनसहभागिताको अंशको कार्य पुरा गरेपछि मात्र कार्यलयले व्यहोर्ने

सबै रकम भुक्तानी दिनुपर्नेमा जनसहभागिताको अंशको कम कार्य गरेपनि देहाय बमोजिम कार्यलयले ब्यहोर्ने रकम पुरै भुक्तानी दिएकोले बढि भुक्तानी भएको रकम असुल हुनु पर्ने रु ५३८९५.००

| गोश्वरा भौचर | उपभोक्ता समितिको नाम | कार्य | लागत इस्टिमेट | मुल्याङकन रकम | कार्यालयले ब्यहोर्ने सम्झौता रकम | वढि भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| ७१/२०७६/३/३० | नमुना दलित वस्ती निर्माण उ.स. | वस्ती निर्माण | २७०००५७ | २६५५६२८ | २३९००५० | २८४७७.०० |
| १०१/२०७६/३/३० | सहलेस मन्दिर निर्माण उ.स. | मन्दिर निर्माण | ७५६८४८.४८ | ६३६७७५.३८ | ६७९००० | २५४१८.०० |
| | जम्मा | | | | | ५३८९५.०० |

६०. **ब.उ.सि.नं. ३६५०१५३ जेष्ठ नागरिक दीर्घसेवा सम्मान तथा सामाजिक सुरक्षा**

**निकासा :-** सरकारले आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्ग क्षेत्र र समुदायका नागरीकलाई सामाजिक सुरक्षा कार्यक्रम मार्फत सामाजिक सुरक्षा प्रदान गर्न यस पालिकाले आर्थिक बर्ष २०७५।७६ मा ५ वडाका रु २९०३८२००।०० खर्च गरेको देखिन्छ भने यस सम्बन्धमा देखिएका ब्यहोरा देहाए अनुसार रहेका छन ।

६१. **भत्ताको अभिलेख :–** लाभाग्राहीको अभिलेख अध्याबधिक गरी राखेको छैन भने एम्. आई. एस्. बिवरण पनि अध्याबधिक छैन । सो प्रयोजनको लागि सूचना प्रबिधि अधिकृतलाई आ.व. २०७४।७५ देखी नै नियुक्ति गरि त.भ. भुक्तानी गरिएको अवस्था छ । सामाजिक सुरक्षा भत्ता कार्यक्रम संचालन कार्यविधि, २०६९ बमोजिमको सुरक्षा भत्ता पाउनेको आवश्यक सम्पूर्ण विवरण खुल्ने अभिलेख खाता अद्यावधिक गराई सा.सु. खर्च लेख्नु पर्ने व्यवस्था छ । पालिकले लाभग्राहीको संख्या अनलाईन मार्फत एम.आई.एस. लगत इन्ट्री नगरी आफैले म्यानुअल भरपाई बनाई बैंक खातामा सा.सु. वितरण गरेको पाईयो । लाभग्राहीको प्रकार,संख्या ,अवधी र रकम खुल्नेगरी विवरण तयार गरी अनलाईन इन्ट्री मार्फत समय समयमा सङ्ख्या अद्यावधिक गराई सा.सु. भत्ता वित्तरण व्यवस्थित गर्नु आवश्यक छ ।

| वडा नं | प्रथम किस्ता | | दोस्रो किस्ता | | तेस्रो किस्ता | | अन्य वालवालिका | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम रु | संख्या | रकम रु | संख्या | रकम रु | संख्या | रकम रु |
| १ | ३५४ | १६००८०० | ३५७ | १६९६८०० | ३६७ | १६७१८०० | २६८ | ४२५२००.०० |
| २ | ३५३ | १७६०८४० | ३६० | १८१५२०० | ३६७ | १७८४८०० | २०९ | ३२८०००.०० |
| ३ | ३११ | १६५९२०० | ३५० | १९९४४०० | ३५६ | २००४८०० | १९२ | ३०४०००.०० |
| ४ | २९२ | १६९८००० | ३०५ | १७२६८०० | ३१५ | १८५०००० | २१८ | ३४७६००.०० |
| ५ | ३८१ | १९०९६०० | ४०९ | २०१२८०० | ४१४ | २१८८४०० | १७५ | २७५२००.०० |
| जम्मा | **१६९१** | **८६२८४४०** | **१७८१** | **९२४६०००** | **१८१९** | **९४९९८००** | **१०६२** | **१६८००००** |

६२. **अभिलेख एकिन:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि, २०७५ को दफा १३ मा नाम दर्ता र नविकरणबाट आगामी आर्थिक बर्षका लागी कायम हुन आएका लाभग्राहीको बिवरण प्रत्येक स्थानिय निकायले फागुन मसान्त भित्र बिभागले सञ्चालनमा ल्याएको ब्यवस्थापन सुचना प्रणाली (एम आइ एस) मा अनिवार्य रुपमा प्रविष्टि गर्नु पर्ने छ । यसरी प्रविष्टि गर्ने कार्य समान्यत सम्बन्धित वडा कार्यालयको हुने छ । तर वडा कार्यालयमा साधन स्रोत तथा जनशक्तिको कमी भएमा स्थानिय तहले आवश्यक ब्यवस्था गर्ने छ भन्ने उल्लेख गरेको छ । यस पालिका कार्यालय अर्न्तगत रहेका ५ वटा वडा कार्यालयको अभिलेख अनुसार प्रायजसो जेष्ठ नागरिक तथा अन्य लाभग्राहीहरु नाम प्रविष्टि आर्थिक बर्ष २०७५।७६ मा गरेको र उल्लेखित ब्यक्तिहरुलाई नै यसै आर्थिक बर्षमा सामाजिक सुरक्षा भत्ता रकम बितरण गरेको देखिएकोले यस पालिकामा सामाजिक सुरक्षा भत्ता पाई राखेका लाभगग्रहीको नामावली कार्यबिधि अनुसार एम.आइ.एस. मा प्रबिष्टि गरेको नदेखिएकोले सामाजिक सुरक्षा भत्ता वापत बितरण गरेको रकम वास्तबिक लाभग्राहीलाई बितरण गरेको हो वा होइन भन्न सकिने आधार देखिएन । यस सम्बन्धमा पालिकाका कार्यालयले वास्तविक लाभग्राहीहरुको बिवरण एकिन गरी एम.आइ.एस. मा प्रविष्टि गरी मात्र भत्ता बितरण गर्नु पर्दछ ।

| | | |
|---|---|---|
| ६३. | **अनुगमन नभएको:** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधि, २०७५ को दफा २८ मा उप प्रमुख तथा उपाध्यक्षको संयोजकमा ७ सदस्य रहेको एक अनुगमन तथा मुल्याङ्कन र प्रतिबेदन समिति रहने र उक्त समितिले समाजिक सुरक्षा भत्ता बितरणको नाम दर्ता, नबिकरण, भत्ता बितरण, लाभग्राहीसंग भेटघाट तथा सुझाव संकलन र सार्वजनिक सुनाइको प्रतिबेदन अध्ययन गर्ने, सुझाव कार्यान्वयन तथा गुनासो सम्बोधन भए नभएको समिक्षा गर्न, कार्यक्रम सम्बन्धमा अनियमिता भएको पाइएमा दोषी पहिचान गरी कारवाहीका लागि सफारिस गर्न र सही ब्यक्तिलाइ सही समयमा सही रकम प्रदान भए नभएको अध्ययन गरी सुझाव दिने र चौमासिक रुपमा बैठक बसी समितिले चौमासिक प्रतिबेदन प्रमुख वा अध्यक्ष समक्ष पेश गर्नु पर्ने ब्यवस्था छ । यस कार्यालयले समाजिक सुरक्षा वापत रु २९०३८२००।०० बितरण गरेकोमा कार्यबिधिले उल्लेख गरे बमोजिमको ब्यवस्था अनुशरण गरेको देखिएन । अत कार्यालयले बितरण गरेको रकम सही रुपमा बितरण गरेको छ भनि बिश्वस्त हुन सक्ने अनुगमन प्रतिबेदन पेश गरेको देखिएन । कार्यालयले यस तर्फ ध्यानदिनु पर्ने देखिन्छ । | |
| ६४. | **बैक मार्फत भत्ता बितरण नगरेको :**सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधी, २०७५ को दफा २२ मा मन्त्रालयको स्वीकृती बिना हातहातै नगद भत्ता बितरण गर्न पाइने छैन भन्ने ब्यवस्था छ । यस कार्यालयले अन्य वालवालिका १०६२ जनाको रु १६८००००।०० ल्यापचे सही छाप गरी बितरण गरेको देखियो । यसरी बितरण गरेको रकमको सार्वजनिक समिक्षा पनि गरेको देखिएन । यसरी बितरण गरेको रकम र्कायबिधिले तोकेको प्रक्रिया पुरा गरेको देखिएन । अत यस पालिका कार्यालयले कार्यबिधिमा उल्लेख भएको ब्यवस्था अनुसार बैक मार्फत सामाजिक सुरक्षा रकम बितरण गर्नु पर्दछ । | |
| ६५. | **बिवरण उल्लेख नभएको:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधी, २०७५ को दफा १३ मा लाभग्राहीहरुको फोटो सहितको अनुसुची ५ बमोजिमको मुल अभिलेख खडा गरी वडा अनुसार प्रत्येक वडा कार्यालयमा राख्नु पर्ने ब्यवस्था छ । यस नगरपालिका कार्यालयले आर्थिक बष २०७५।७६ मा बितरण गरेको सामाजिक सुरक्षा भता बितरण भरपाईमा लाभग्रहिहरुको जन्म मिति, नागरिकता नम्बर, र परिचय पत्र समेत उल्लिखित गरेको देखिएन । यसरी भत्ता बितरण गर्दा वास्तबिक लाभग्राही हरुले पाएको हो होइन भन्ने प्रष्ट आधार देखिएन । अत पालिका कार्यालयलबाट बितरण गरिने सामाजिक सुरक्षा भत्ता बितरण भरपाइमा अनुसुची ५ मा उल्लेख भए बमोजिमको जन्म मिति, नागरिकता नम्बर र परिचय पत्र प्रविष्ट गरी बितरण गर्नुपर्दछ । | |
| ६६. | ब.उ.शि.नं. ८०१७६९३ अन्तर सरकारी वित्तीय हस्तान्तरण शसर्त<br>**तलबी प्रतिवेदन :-** विद्यालयमा सेवारत शिक्षकहरुको तलब विद्यालय शिक्षक किताव खानाबाट पारित तलवी प्रतिवेदनका आधारमा खर्च लेखिनु पर्दछ । कार्यालयले यस वर्ष विद्यालयमा सेवारत शिक्षकको तलबी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नभएको अवस्थामा लेखिएको खर्च सही र यथार्थ परक हो भनि एकीन गर्न सकिएन कार्यालयले शिक्षकको तलबी प्रतिवेदन पारित गरी खर्च लेख्नु पर्दछ । | |
| ६७. | **कार्यक्रमगत खर्च खाता**: आर्थिक कार्यविधी नियमावली को नियम ३५ (२) (क) मा कुनै पनि रकम खर्च गर्दा रकम स्वीकृत बजेट भित्र सम्बन्धित खर्च शिर्षकमा पर्छ र खर्च गर्न बाँकी छ भने खर्च गर्न सकिने उल्लेख छ । त्यस्तै दफा ४५ (क) मा स्वीकृत रकम सम्बन्धित सेवा तथा कार्यक्रम को निमित्त स्वीकृत सिमा भित्र रही सोही प्रयोजनमा खर्च गनुपर्ने व्यहोरा उल्लेख छ । कार्यालयले सशर्त अनुदानको विषयगत खर्चको छुट्टाछुट्टै स्रेस्ता खडा गरी वैक नगदी कितावमा प्रविष्ट गरी निकासा खर्च र बाँकी देखिने गरी कार्यक्रमगत खर्च खाता तयार गरी कृयाकलाप अनुसार कृयाकलापको सिमाभित्र रहेर खर्च गनुपर्नेमा सो गरेको छैन । सशर्त तर्फको सम्पूर्ण स्रेस्ता एउटै वैक नगदी कितावमा प्रविष्टी गरेको कार्यक्रमगत खर्च खाता नराखेको पाइयो जसले गर्दा विषयगत कार्यक्रम सिमाको परिपालना भएको पाईएन । यसले गर्दा कुन-कुन विषयगत क्षेत्रमा के कति खर्च भएको कुन-कुन कृयाकलापमा कति खर्च भयो एकिन गर्न सकिएन । | |
| ६८. | **लक्ष्य प्रगती विवरण** : बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायले आर्थिक विधि नियमावली २०६४ को नियम २५ तथा अनुसुचि २ बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गर्नु पर्नेमा चौमासिक लक्ष्य प्रगती विवरण तयार गरेको पाइएन । त्यसबाट स्विकृत कार्यक्रम अनुसार कुनकुन कार्यक्रम सन्चालन | |

| | | |
|---|---|---|
| | भए, कुन कार्यक्रम सन्चालन भएनन्, कुन कुनमा तोकिएको लक्ष्य भन्दा न्यून प्रगती भयो यकिन गर्न सकिएन । | |
| ६९. | **लाभग्राहीको अभिलेखः** पालिकाले विगत वर्षमा कुन कुन व्यक्ति तथा सस्था लाभग्राहीलाई वस्तुगत, नगद तथा परामर्श सेवा प्रदान गरेको थियो, यो वर्ष कुनु-कुनु लाभग्राहीलाई के-के अनुदान दियो अभिलेख राखेको छैन । अभिलेख नराख्दा एउटै व्यक्ति तथा सस्थालाई पटक पटक अनुदान जानसक्ने र कतिपय अत्यावश्यक अवस्थामा सेवासुविधा पाउनबाट बञ्चित हुनसक्ने देखिन्छ । | |
| ७०. | **लाभग्राही छनौट मापदण्ड** : कृषकको व्यवसायिक क्षमता, जनशक्ति, समुदायमा पु¥याउन सक्ने योगदान, गत विगतमा पालिका र अन्य निकायहरुबाट कुनै किसिमको वस्तुगत तथा नगद अनुदान प्राप्त गरेको भए सो समेतलाई आधारलिई वस्तुनिष्ट आधार तयार गरी प्रस्तावकहरु मध्येबाट उत्कृष्ट ठानिएको लाभग्राहीलाई छनौट गर्नु पर्नेमा रु ३९१०५० मूल्य बराबरका १२ थान डिजल पम्पसेट वितरण गर्दा लाभग्राही छनौट गर्दा छनौटको आधार खुलाएको छैन । वस्तुनिष्ट मापदण्ड तथा कार्यविधि तयार गरी लाभग्राही छनौट गरीनु पर्दछ । यसबाट प्राथमिकता प्राप्त क्षेत्रमा अनुदान रकम गयो गएन खुलासा हुन सकेन । | |
| ७१. | **शिक्षक अभिलेख** : बिभिन्न बिद्यालयका शिक्षकहरुको बिद्यालयगत दरबन्दी, नियुक्ति, सरुवा, काज, अबकास, आदि खुलेको अभिलेख लेखापरिक्षणको लागि प्रस्तुत नभएकोले शिक्षकहरुलाई लेखेको तलब, भत्ता खर्च भिडान गर्ने आधार भएन । | |
| ७२. | **दरबन्दी व्यवस्थाः** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ८३(१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ । पालिकाले बाल विकास समेत २० सामुदायिक शैक्षिक संस्था लाई अनुदान दिएकोमा कुन कुन शैक्षिक संस्था विद्यालयमा कुन कुन तहको के कति दरबन्दी रहनुपर्ने हो सो स्वीकृत गरेको पाईएन । पालिकाले उपलब्ध शिक्षक कर्मचारीहरुलाई आन्तरिक रुपमा आवश्यकता अनुसार खटाएको पाईयो । यस सम्बन्धमा पालिकाको शिक्षा शाखा प्रमुखलाई सोधिएकोमा देशका सम्पूर्ण शिक्षक कर्मचारीहरुको दरबन्दी शिक्षा मन्त्रालयमा पूल दरबन्दीको रुपमा रहेको जानकारीमा आयो । तालुक निकाय तथा पालिकाबाट विद्यालयगत शिक्षक दरबन्दी मिलान गरी अभिलेख व्यवस्थापन गर्नुपर्दछ । | |
| ७३. | **अनुदान रकमको अनुगमनः**७९।२०७६।३।२२ बाट पालिकाले ४ वटा सामुदायिक अध्ययन केन्द्रलाई प्रति संस्था रु २,००,०००।- को दरले रु ८ लाख अनुदान दिएकोमा संस्थाको लक्ष्य प्रगति अभिलेख लिई अनुगमन मूल्याङकन गरी सुधारको लागि सुझाव पेश गनुपर्नेमा सो गरेको देखिएन । | |
| ७४. | **कट्टी रकमको दाखिला प्रमाण पेश नभएकोः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा विल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ । विद्यालयले चौमासिक निकासा माग फाराम पेश गर्दा अघिल्लो चौमासिकमा तलव भत्ता वित्तरण गर्दा कट्टी भएको सा.सु. कर, पा..कर, ना.ल.कोष., क.सं कोष कट्टी तथा सापटि कट्टी को सक्कल प्रमाण पेश गनुपर्नेमा सो गरेको छैन । यसबाट सम्बन्धित शिक्षकको नाममा सम्बन्धित निकायमा रकम जम्मा भएको छ भन्ने विश्वस्त आधार भएन । | |
| ७५. | **विद्यालयगत निकासा खाता** : कार्यालयले प्रत्येक विद्यालयको स्थायी , अस्थायी दरवन्दी र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलव ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता राखेको देखिएन । विद्यालयहरुलाई प्रथम दोश्रो र तेश्रो चौमासिक गरी तलव भत्ता स्वरुप जाने निकासाहरुको कम्प्यूटर सफ्टवेयरबाट अभिलेख राखेको भएतापनि विभिन्न कारणले चौमासिक छुट निकासा तथा सबै अनुदान र अन्य निकासा हुने सबै अनुदानहरु सफ्टवेयरबाट देखाउने गरेको देखिएन । यसरी छुट निकासा तथा सबै अनुदानहरु सफ्टवेयरमा नदेखाउने भएकोले थप निकासाका रुपमा जाने तलव भत्ता र विभिन्न अनुदान रकमहरुको विद्यालयगत रुपमा गएको निकासा रकमको स्थिती स्पष्ट हुन सकेन । विद्यालयलाई जाने सबै रकमहरु देखिने गरी सफ्टवेयरमा प्रविष्ट गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख राख्नु पर्ने देखिन्छ । | |
| ७६. | **नमुना मा.वि. अनुदानः** विद्यालयले तयार पारेको पञ्चवर्षिय विकास गुरुयोजनलाई व्यवस्थापन समिति बाट निर्णय गरी शिक्षा विभाग बाट स्वीकृत भए अनुसार यस आ.व.मा पञ्चवर्षिय विद्यालय सुधार गुरुयोजनाको कार्यान्वयन लागि शिक्षा विभागको च.नं. १२० मिति २०७५।१२।२१ को परिपत्र अनुसार | |

जनता नमुना माध्यामिक विद्यालय मौवाही लाई रु १ करोड ५० लाख निकास दिएको छ । गुरुयोजना अन्तर्गत भवन निर्माणको लागि रु.५८१३८३९।०० को लागत अनुमान र वाल निर्माणको रु ४४८९९०९।६५ को लागत अनुमान स्वीकृत भएकोमा सोबाट भए गरेको कार्य प्रगती प्रमाणित भई आएन । सो कार्यको स्थानीय निकाय बाट अनुगमन नियमन एवं प्राविधिक सहयोग गर्नुपर्ने व्यहोरा पत्रमा उल्लेख छ । सो अनुसारको प्रगति प्रतिवेदन खर्चका विल भरपाई पेश हुन आएन अतः उक्त कार्यको नियमित अनुगमन गरी नियमन गर्नुपर्दछ ।

७७. **पाठ्यपुस्तक अनुदानः** यस पालिकाले पालिका अन्तरगतका २० विद्यालयका ३१७९ विद्यार्थी लाई पाठ्यपुस्तक वितरणको लागि रु ११,२१,९२८।०० को विवरण तयार गरेकोमा प्रथम किस्ता बापत ७५ प्रतिशतले हुने रु ८,४१,४४६।०० तथा दोस्रो किस्ता स्वरुप बाँकी २५ प्रतिशत को रु ४,००,१००।०० गरी जम्मा अनुदान रु १२४१५४६।- निकाशा दिएको छ । शुरु विवरण भन्दा रु १,२०,०१८।०० बढी भुक्तानी गरेकोमा रु १२४१५४६।०० को विलभरपाई र सो कारण सहितको विवरण पेश हुनु पर्ने रु — १,२०,०१८।००

७८. जम्मा २० विद्यालयलाई रु ११,२१,९२८।०।- भुक्तानी दिनुपर्ने भनि विवरण पेश भएकोमा विद्यालयलाई थप रु ४,००,१००।००मात्र भुक्तानी गरेको कारण सहितको विवरण पेश गरेको छैन । पेश भएको पाठ्यपुस्तक विवरणमा जोड जम्मा गरी कुल संख्या र रकम उल्लेख गरेको छैन । कक्षागत रुपमा कुल विद्यार्थी संख्या र दर रकम वचत तथा नपुग सहितको विवरण खुलाई यथार्थ हिसाव देखिने गरी निकाशा गरिनु पर्दछ ।

७९. **वर्षान्तमा अनुदानः** आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ७८ मा बजेट फ्रिज हुन नदिने उद्देश्यले पेश्कीको रुपमा कसैलाई रकम दिन नहुने उल्लेख छ । यस पालिकाले प्राविधिक धारको जनता माध्यामिक विद्यालय मौवाहीलाई ल्याब सञ्चालन अनुदान भनि आर्थिक वर्षको अन्तिम दिन असार ३१ गते रु. १५,६१,०००।- अनुदान दिएको पाईयो । बजेटले अपेक्षा गरे अनुरुप आर्थिक वर्षभित्रमा सोहि प्रयोजनमा प्रगती हासिल गर्नुपर्नेमा हासिल हुन सकेको देखिएन । वर्षान्तमा अनुदान दिएको रकमको बिल भर्पाइ संलग्न गरी नियमित हुनुपर्ने रु... — १५,६१,०००।-

८०. **अनुगमन प्रतिवेदनः** पालिकाले निम्नानुसारका संस्थालाई देहायको प्रयोजनको लागि निम्नानुसारको अनुदान दिएकोमा संस्थाहरुबाट विल विजक प्रगति प्रतिवेदन लिई निरन्तर अनुगमन मुल्याङ्कक गरिएको पाईएन गत विगत वर्ष र यो वर्ष कुन कुन संस्थालाई के प्रयोजनको लागि कति अनुदान रकम उपलब्ध गराईएको थियो ?सोहि प्रयोजनमा खर्च भयो भएन ? अनुगमन गरी खर्चको उपादेयता मूल्याङ्कन गरिनु पर्दछ ।

| ब.उ.शि.नं. | गौ.भौ.नं. मिति | अनुदान प्रयोजन | अनुदान पाउने | रकम |
|---|---|---|---|---|
| शिक्षा सशर्त | १०१।२०७६।३।३१ | आधारभुत विद्यालय सखुवानन्करकट्टी | २ कोठे भवन,२०७६।३।३१मा रोक्का रहनेगरी | ११२०००० |
| | ४८।२०७६।२।९ | ज मा.वि मौवाही | सूचना प्रविधि व्यवस्थापन | ६५०००० |
| | १६।२०७६।३।२० | मा.वि. महेशवारी | विज्ञान प्रयोगशाला स्थापना | ६५००० |
| ” | १००।२०७६.३.३१ | आधारभुत विद्यालय सखुवानन्करकट्टी | ५० प्रतिशत अनुदान ,२०७६।३।३१मा | ३५००० |
| ” | ७९।२०७६.३.२४ | सामुदायिक सिकाई केन्द्र४ | अनौपचारीक शिक्षा | ८००००० |
| ” | १०६।२०७६.३.३१ | शिक्षक सहयोग अनुदान | दरवन्दि नभएका विद्यालय | ७३२००० |
| ” | विभिन्न | ४कोठे भवन | जनता मा.वि मौवाही | १८००००० |
| ” | ४ ।२०७६।२।९ | गुरुयोजना कार्यान्वयन | जनता मा.वि मौवाही | १५०००००० |
| स्वास्थ्य सशर्त | ९६।२०७६।३।२५ | सुदृढीकरण | स्वा.चौसखुवानन्करकट्टी | १००००० |
| पूजिगत शर्सत | ३।२०७६।३।३० | सिंचाई | १२ कृषक समुह | ३९१०५० |
| | २।२०७६।३।३० | उर्जा(सुधारीएको चुलो) | ५० लाभग्राही | १७५००० |
| | | | जम्मा | २२४२९०५० |

८१. **विद्यार्थी अभिलेख :** पालिकाले विद्यार्थीको विद्यालयगत तथा कक्षागत छात्र, छात्रा, दलित, लोपोन्मुख तथा जनजाति, अपांग तथा सिमान्तकृत विवरण खुलाई प्रमाणित तथ्यांक अभिलेख राखेको पाइएन । यसरी विवरण खुलाई अभिलेख नराखिँदा उपलब्ध गराएको पाठ्यपुस्तक, छात्रवृत्ति, बुक कर्नर तथा निरन्तर विद्यार्थी मुल्यांकन वापत उपलब्ध गराएको रकम यथार्थ तथ्याङ्कमा आधारीत छ भन्न सक्ने अवस्था रहेन ।

८२. **वर्षान्तमा अनुदान:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७८ मा बजेट फ्रिज हुन नदिने उद्देश्यले पेश्कीको रुपमा कसैलाई रकम दिन नहुने उल्लेख छ । यस नगरपालिकाले विभिन्न शैक्षिक संस्थालाई विभिन्न प्रयोजनकालागि अनुदान भनि आर्थिक वर्षको अन्तिम दिन आ.व.को अन्त्यमा अनुदान दिएको पाईयो । बजेटले अपेक्षा गरे अनुरुप आर्थिक वर्षभित्रमा सोहि प्रयोजनमा प्रगती हासिल गर्नुपर्नेमा हासिल हुन सकेको देखिएन ।

| भौ.नं र मिति | अनुदान पाउने विद्यालय | प्रयोजन | रकम |
|---|---|---|---|
| १०१।२०७६।३।३१ | आधारभुत विद्यालय सखुवानन्करकट्टी | २ कोठे भवन,२०७६।३।३१मा रोक्का रहनेगरी | ११,२०,०००।- |
| ४८।२०७६।२।९ | ज मा.वि मौवाही | सूचना प्रविधि व्यवस्थापन | ६,५०,०००।- |
| १६।२०७६।३।२० | मा.वि. महेशवारी | विज्ञान प्रयोगशाला स्थापना | ६,५०,०००।- |
| १००।२०७६.३.३१ | आधारभुत विद्यालय सखुवानन्करकट्टी | .वापत ५० प्रतिशत अनुदान ,२०७६।३।३१मा | ३५००००।०० |
| ७९।२०७६.३.२४ | सामुदायिक सिकाई केन्द्र४ | अनौपचारीक शिक्षा | ८०००००।०० |
| १०६।२०७६.३.३१ | शिक्षक सहयोग अनुदान | दरवन्दि नभएका विद्यालय | ७३२०००।०० |
| १००।२०७६.३.३१ | श्रीराम आधारभुत विद्यालय सखुवानन्करकट्टी ४ | २ कोठे भवन,२०७६।३।३१मा रोक्का रहनेगरी | ३५००००।०० |

उपर्यूक्त अनुदान रकमको कार्यान्वयन अवस्था जानकारी हुन नआएकोले अनुगमन गरी् सोही प्रयोजनमा उपयोग भए नभएको विश्लेषण गरी प्रभावकारीता मूल्यांकन गरिनुपर्दछ ।

८३. **बढी निकासा :** आधारभूत विद्यालय सखुवानन्कारकट्टी ४ मा २ कोठे भवन निमार्ण गर्न उपभोक्ताले रु १४२३९५।५७ र पालिकाले रु १५,५२,०००। गरी रु १६९४३९५।५७ को लागत अनुमान स्विकृत भई सम्झौता भएको छ । सम्झौता अनुशार रु १५,५२,०००।०० मात्र अनुदान दिनु पर्नेमा गो.भौ.नं ६४।२०७६.३.१६ बाट रु ४,८०,०००।०० र गो.भौ.नं १०१।२०७६।३।३१ बाट बैंक खाता रोक्का रहनेगरी रु ११,२०,०००।०० गरी रु १६,००,०००।०० अनुदान दिएको पाईयो । निर्माण कार्य सम्पन्न नहुदै अग्रिम रुपमा रु ४८०००।०० बढी हुनेगरी दिएको रकमकोऔचित्य प्रष्ट गरी रु १६ लाखको कार्य सम्पन्न प्रतिवेदान पेश गरी बढी भुक्तानी भएको रकम असुल हुनु पर्ने रु

४८०००।००

८४. **नविकरणिय उर्जा** :–गो.भौनं २।२०७६.३.२५बाट बराहगोवर ग्यास तथा नविकरणिय उर्जा प्रा.लि.लाई वायोमास प्रविधि सुधारिएको चुलो ५० सेट बापत रु १७५०००।०० भुक्तानी दिएको पाइयो। खरिद भएका सामान जिन्सिमा मौज्दात देखिएकोले वितरण गरेको प्रमाण पेश हुनु पर्ने रु

१७५०००.०

८५. प्रधानमन्त्रि रोजगार कार्यक्रम :

प्रधानमन्त्रि रोजगार कार्यक्रम कामका लागि पारिश्रमिक, रोजगार तथा सामाजिक सुरक्षा कार्यान्वयन अन्तरगत अन्तरक्रिया, वेरोजगारको तथ्याङ्क संकलन तथा ७८ जना बिरोजगार युवाहरुलाई ३० दिनको बाटो मर्मत, निर्माण, बृक्षरोपण, सरसफइ जस्ता कार्यमा रोजगारी दिइ रु १२०९७८०।००भुक्तानी दिएको पाइयो । वेरोजगारको तथ्याङ्क फारम संकलन गरेको भएता पनि तथ्याङ्क आधार (डाटा वेश) तयार गरि लगत तथा प्रतिवेदन तयार गरेको पाइएन ।

८६. **आन्तरिक लेखापरिक्षण:** आन्तरिक लेखापरिक्षणबाट औल्याएको बेरुजू आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार अन्तिम लेखापरिक्षण हुनु अगाडी नियमित तथा असूल/फछ्र्यौट गरिसक्नुपर्ने व्यवस्था अनुसार फछ्र्यौट नभएका निम्नानुसार व्यहोरा कायम गरिएको छ:

१ शिक्षा र स्वास्थ्य संस्थाहरुमा खप्ने र नखप्ने सामानहरु खरिद गर्दा जिन्सी खाताको प्रयोग व्यवस्थित तरिकाले राख्नु पर्नें र जिन्सी निरिक्षण समेत गराउनु पर्ने ।

२ प्राविधिक काममा डोर हाजिरीमा सम्वन्धित प्राविधिकले डोर हाजिर प्रमाणित गर्नु पर्ने देखिन्छ । साथै कामदारहरुको नागरिकता प्रमाणपत्रको फोटोकपी राख्नु पर्ने देखिन्छ ।

३ मिति २०७५।११।१० गते लेखापाल सोम प्रसाद आचार्यले चेक नं. ००३८७८६४८५ र ००३८७८६४८६ वाट क्रमश रु ९००००।०० र ६००००।०० चेक आफ्नो नाममा काटेकोमा त्यसको गोश्वरा भौचरमा

| | | |
|---|---|---|
| | कागजात नराखेको रु | १५०००0.00 |
| ८७. | **बेरुजू:** गाउपालिकाको प्रारम्भिक प्रतिबेदन अनुसार यो बर्ष असुल गर्नुपर्ने रु. २ लाख ९३ हजार, नियमित गर्नुपर्ने रु. ५६ लाख १ हजार र प्रमाण कागजात पेश गर्नुपर्ने रु. ३१ लाख ३९ हजार समे रु. ९० लाख ३३ हजार बेरुजू कायम भएकोमा प्रतिकृया प्राप्त नभएकोले सोहि बेरुजू कायम भएको छ। | |
| ८८. | **अनुगमन तथा मूल्याङ्कन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्नु पर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ : | |
| ८९. | **अद्यावधिक वेरुजू स्थिति** : यसगाँउपालीकाको आर्थिक वर्ष २०७५।७६ सम्मको फछ्र्यौट गर्न वाँकी वेरुजू स्थिति देहाय अनुसार रहेको छ : | |

| गत वर्षको वेरुजू रकम (रु) (A) | यो वर्ष फछ्र्यौट (B) | वाँकी (C=A-B) |
|---|---|---|
| ८९११०५५.९५ | ० | ८९११०५५.९५ |

| गत वर्षसम्मको फछ्र्यौट गर्न वाँकी (रु) | यो वर्षको सं.पं बाट कायम वेरुजू रु | यो वर्षको कायम वेरुजू (रु) | बाँकी वेरुजु (रु) |
|---|---|---|---|
| ८९११०५५.९५ | ० | ९०३२५९३.८७ | १७९४३६४९.८२ |

अनुसूची - १

## बेरुजू वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## आर्थिक वर्ष २०७५।७६

(रु हजारमा)

| सि.नं | स्थानीय तहको नाम | जिल्ला | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिमेवार नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | साखुवानान्कारकट्टी गाउँपालिका | सिरहा | ७४ | १६ | ९०३३ | ० | ० | ० | ७४ | १६ | ९०३३ | २९३ | ५६०१ | ३१३९ | ० | ० | ८७४० | ० | ० | ० |

अनुसूची - २

## स्थानीय तह संचित कोष विवरण
## आर्थिक वर्ष २०७५।७६

(रु हजारमा)

| सि.नं. | स्थानीय तह | जिल्ला | आय | | | | | व्यय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गतवर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | जम्मा आय | चालु खर्च | पूँजिगत खर्च | अन्य खर्च | जम्मा खर्च | मौज्दात बाँकी |
| | | | १ | २ | ३ | ४ | ५=(२+३+४) | ६ | ७ | ८ | ९=(६+७+८) | १०=(१+५-९) |
| १ | साखुवानान्कारकट्टी गाउँपालिका | सिरहा | २९२५८ | ७३०६५ | १६९७१७ | ८३०२ | २५१०८४ | १४९५६१ | १११६६४ | १३१३६ | २७४३६१ | ५९८१ |

अनुसूची- ३

## अद्यावधिक बेरुजू स्थिति
## आर्थिक वर्ष २०७५।७६

(रु हजारमा)

| सि.नं. | स्थानीय तह | जिल्ला | गत वर्षको बाँकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्ष सं.प.बाट कायम भएको बैरुजू | यो वर्षको बेरुजू | कुल बाँकी बेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | साखुवानान्कारकट्टी गाउँपालिका | सिरहा | ८९११ | ० | ८९११ | ० | ९०३३ | १७९४४ |